आज मिति २०७६ भाद्र ८ गते यस वेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका बैठक अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा बसि निम्न निर्णय गरियो ।

१. अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी
२. उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल
३. वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ
४. वडा अध्यक्ष श्री टंक बहादुर थापा
५. वडा अध्यक्ष श्री भुवन त्रिपाठी
६. वडा अध्यक्ष श्री गुणराज उप्रेती
७. वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल
८. वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर
९. वडा अध्यक्ष श्री हिरालाल थपलिया
१०. वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ
११. वडा अध्यक्ष श्री सुरेश मल्ल
१२. वडा अध्यक्ष श्री अम्वर बहादुर गुरुङ
१३. कार्यपालिका सदस्य श्री कमला राना मगर
१४. कार्यपालिका सदस्य श्री कान्छीमाया मगर
१५. कार्यपालिका सदस्य श्री विन्दा मगराती
१६. कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी
१७. कार्यपालिका सदस्य श्री राम बहादुर वराम
१८. प्रमुख प्रशासकीय अधिकृत श्री गोविन्द भट्टराई

आमन्त्रीत,

१. प्रशासकीय अधिकृत श्री केदार कुमार खड्का
२. लेखा अधिकृत श्री सन्तोष अर्याल
३. सुचना अधिकारी श्री परशुराम घिमिरे

Scanned with CamScanner

निर्णय नं. १
श्री एभरेष्ट क्वेरीजप्रा.लि.ले प्रस्तावित निर्माणमुखी ढुङ्गा खानी प्रदेश नं. ३, धादिङ जिल्ला साविक जोगीमारा गा.वि.स. वडा नं. ४ हाल वेनीघाट रोराङ्ग गाउंपालीका वडा नं. १० कुहिभीर स्थान अन्तरगतको टोपोसिट नम्बर २७८४-०३ डी मा पर्ने ६८२.०० मि. स्पट ऊचाई बाट १६०.०० मि. दक्षिण गई सोबाट १००.०० मि. पश्चिम पुगेको बिन्दु (नियामक करीब पूर्व ५६३२५०.०० मि. र उत्तर ३०७८२४०.०० मि.) लाई मूलचिन्हमानी सोबाट पूर्व ०.०० मिटर पश्चिम ४००.०० मिटर उत्तर ०.०० मिटर र दक्षिण ६२५.०० मिटर जम्मा ०.२५ वर्ग कि.मि.क्षेत्रफलभित्र यस गा.पा. बाट स्थलगत अनुगमन भई उक्त क्षेत्रमा ढुङ्गा खानी उत्खनन् गर्न उपयुक्त हुने भएको साथै उत्खनन् क्षेत्र वन क्षेत्रमा पर्ने भएकोले श्री जिल्ला वन कार्यालय धादिङको मिति २०७२।१०।०५ को प्रतिवेदन समेतको आधारमा उक्त क्षेत्र भित्र श्री खानी तथा भू-गर्भ विभागबाट तोकिएको सर्त मापदण्ड पालना हुनेगरी निर्माणमुखी ढुङ्गा उत्खनन् सहमती/अनुमतीको लागि लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. २
वडा नं. १० र वडा नं. १ विद्युतिकरणका लागि पोल तार लगायतका सामग्री उपलब्ध भएको तर उक्त सामग्री ढुवानी तथा फिटिङ समेतको लागि वजेट नभएको भनी माग भै आएकोले वडा नं. १ विद्युतिकरण पोल ढुवानीको लागि रु १००,०००।- तथा वडा नं. १० विद्युतिकरण फिटिङ कार्यको लागि रु ५००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३
सूर्योदय आ.वि. लगायतमा विपदको कारण क्षति पुगेको भनी ग्याविन जाली माग भई आएको हुदा ग्याविन जाली खरिद गरी बाढी पहिरोको कारण क्षति पुग्न गएको संरचना/वस्ती संरक्षणको लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४
निम्न योजनामा विपदको कारण क्षति पुगेकोले मर्मत सम्भारको लागि विपद व्यवस्थापन कोषवाट खर्च हुने गरी निम्नानुसार रकम स्वीकृत गर्ने निर्णय गरियो ।
१. धुषटार पाइप सिञ्चाइ मर्मत वेनीघाट रोराङ ७ रु २०००००।-
२. तल्लो खैरेनी कुलो मर्मत वेनीघाट रोराङ ७ रु ५०००००।-
(वडधारी, चरौंदी, उप्‍रेती, झुल्ने)

निर्णय नं. ५
कार्यपालिका सदस्य कान्छीमाया मगर गम्भीर विरामी हुनु भएकोले उहाँको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारका लागि गा.पा.वाट रु २५,०००।- औषधो पचारको लागि सहयोग गर्ने निर्णय गरियो

निर्णय नं. ६
प्रदेश सरकारको एक विद्यालय एक नर्स कार्यक्रमको लागि प्राप्त रकममा नपुग रकम यस कार्यालयवाट व्यवस्थापन गर्ने गरी श्री चन्द्रोदय मा.वि. विशालटार र बागेश्वरी मा.वि. रिचोकटारमा रहने गरी दुई जना स्टाफ नर्स नियुक्त गर्ने साथै महादेवस्थान स्वास्थ्य चौकीमा ल्याव व्यवस्थापनको लागि एक जना ल्याव प्राविधिक थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७
सामुदायीक उत्थान पद्धतिका लागि मञ्च धादिङलाई यस गाउपालिका क्षेत्रमा IPM कार्यक्रम सञ्चालनको लागि अनुमति दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ८
वडा नं. ६ वाट निम्नानुसार योजनाको नाम, उदेश्य तथा निर्माण स्थल परिवर्तनका लागि माग भै आएकोले निम्न आयोजनाहरुमा निम्नानुसार गर्ने निर्णय गरियां।

१ सोलिघोप्टे महारुद्र महादेव मन्दिर नजिक भ्यूटावर निर्माण योजनाको स्वीकृत रकमवाट सोलिघोप्टे पर्यटकीय क्षेत्र डि.पि.आर. गर्ने

२ चरौंदी चौकी स्यादुल सोलाभाजा कालिटार भण्डारा सडक स्तरउन्नती योजनाको स्वीकृत रकमवाट उक्त योजनाको डि.पि.आर. गर्ने

३. वोमराङ तरकारी संकलन केन्द्र निर्माण शिर्षकमा स्वीकृत रकमवाट वुडपुङ तरकारी संकलन केन्द्र निर्माण गर्ने

निर्णय नं. ९
गाउपालिकाको वजार क्षेत्रमा घर/पसलवाट उत्पादन हुने फोहर व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन शिर्षकमा स्वीकृत रकमवाट आवश्यक डष्टविन खरिद गर्ने साथै वजार क्षेत्रका सवै घरहरुको लगत राखी सरसफाई शुल्क संकलनको लागि नगर प्रहरीलाई जिम्मेवारी तोक्ने निर्णय गरियो।

निर्णय नं. १०
जिल्ला समन्वय समिति संगको लागत साझेदारीमा सञ्चालन हुने वुसवाङ वस्ती स्थानान्तरण योजनाको लागि वेनीघाट रोराङ २ मा आवश्यक जग्गा खरिदको प्रकृया सुरु गर्ने निर्णय गरियो।

निर्णय नं. ११
वालविवाह न्यूनीकरण समेतका लागि सहयात्री समाज संग साझेदारी गर्ने र सो का लागि समपुरक कोषमा रहेको रकमवाट रु १०,००,०००।- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १२
श्री कालिका मा.वि. विदाङमा गाउपालिकाले भांडा खरिद गरिदिने र आवश्यक अन्य सामग्री अन्य संस्थावाट उपलब्ध गराउने गरी खाजा कार्यक्रम सञ्चालन भै रहेको र हाल सम्म भाडाको रकम भुक्तानी नभएकोले उक्त रकम भुक्तानीको लागि रु १६०,०००।-विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १३
निम्न लिखित आयोजनाहरु ५० प्रतिशत यस गाउपालिकाले व्यहोर्ने गरी लागत साझेदारीमा सञ्चालन गर्न प्रदेश सरकार आन्तरीक मामला मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

| सि.नं. | योजनाको नाम | लागत (अनुमानित) | स्थानीय तहले व्यहोर्ने रकम (५०%) | कैफियत |
|---|---|---|---|---|
| १. | मेलमिलाप केन्द्र व्यवस्थापन तथा न्यायिक सचेतना कार्यक्रम | २०,००,००० | १०,००,००० | |
| २ | राजमार्ग क्षेत्र सि.सि. क्यामेरा जडान | २०,००,००० | १०,००,००० | |
| ३ | मजदुर सहिद स्मृति पार्क वेनीघाट रोराङ १० | ४०,००,००० | २०,००,००० | |
| | जम्मा | ८०,००००० | ४०,००,००० | |

निर्णय नं. १४- आधारभुत तह (कक्षा-८) उतिर्ण परिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो।